# विभिन्न क्षेत्रमा सक्रिय भएका स्नातकहरू

NISSAN कलेज स्नातक गरेपछि स्नातकहरू विभिन्न क्षेत्रमा सक्रिय भएर काम गर्दै हुनुहुन्छ। तपाईंको सम्भावना NISSAN कलेजमा भेट्टाउनुहोस् !



### प्रथम श्रेणीको गाडी प्राविधिकको ज्ञान प्रयोग गर्दै रोमाञ्चकारी सामानहरू उत्पादन गरेर ग्राहकलाई पुर्याउन चाहन्छु।

NISSAN कम्पनी ग्लोबल आफ्टर सेल्स रूपान्तरण एण्ड एक्सेसरी / सेवा इन्जिनियरिङ व्यापार मुख्यालय तान्गो इजुमी
प्रथम श्रेणीको गाडी इन्जिनियरिङ पाठ्यक्रम स्नातक

NISSAN को आफ्टर सेल्स विभागमा सकली सामानको बिक्री विस्तार र नयाँ व्यवसाय परियोजना सम्बन्धी काम गर्दैछु। सकली सामान भनेको ग्राहकको गाडी सम्बन्धी जीवन सजाएर गाडीप्रतिको माया अझ बढाउने महत्त्वपूर्ण उत्पादन हो। त्यसको लागि प्राविधिक ज्ञान मात्र नभई डिलरमा इन्टर्न वा ग्राहक सेवा तालिम आदि गरेर प्रथम श्रेणी पाठ्यक्रममा सिकेको कुराहरू एकदमै उपयोगी भएको छ। महिला चालकहरू बढिरहेकोले महिलाकै दृष्टिकोण महत्त्वपूर्ण छ जस्तो लागिरहेको छ। अबउसो पनि NISSAN कलेजमा सिकेका ज्ञानहरू प्रयोग गरेर NISSAN को नामलाई सुहाउने विकसित तथा रोमाञ्चकारी सामान र सेवा उत्पादन गर्छु।



### मेरो भविष्यको सपना चाहिँ मर्मत-सम्भारदेखि रिसेप्सनसम्म सम्हाल्न सक्ने स्टाफ हुनु हो।

NISSAN कानागावा बिक्री केन्द्र टेक्निकल स्टाफ कुबोता रेइका
गाडी मर्मत-सम्भार पाठ्यक्रम स्नातक

महिलाहरू थोरै भएको यो क्षेत्रमा महिला प्राविधिकको रूपमा काम गर्न सके कत्ति दामी हुन्छु होला भनी सोचेर यो कलेजमा पढ्न गएँ। स्नातक गरेर कम्पनीमा जागिर खाएको दोस्रो वर्षमा युनिट प्रशिक्षक तालिम (जटिल मर्मत-सम्भार / इन्जिन फेरबदल) लिएँ। साँच्चै भन्नुपर्दा अझ धेरै अनुभव बटुलेपछि लिने तालिम भएकोले गाह्रो भयो। तर उन्नति गर्नमा ठूलो मदत गर्यो भनेर महसुस गरेकी पनि छु। मेरो लक्ष्य चाहिँ महिलाहरू त्यत्ति नहुने मर्मत-सम्भारदेखि रिसेप्सनसम्म सम्हाल्न सक्ने स्टाफ हुनु हो। महिला भएकोले नै हुने कोमलता देखाएर ग्राहकलाई सन्तुष्ट पार्ने काम गर्दै जान चाहन्छु।




### NISSAN कलेज भएकोले नै त्यहाँ गर्न सकेको अनुभवले गर्दा साँच्चै गर्न चाहेको काम भेट्टाएँ।

GRANDRIVE परियोजना / सञ्चालन स्टाफ कम्पनी NISSAN क्रिएटिभ सर्भिस परियोजना / सञ्चालन विभाग नारिता हायाते
प्रथम श्रेणीको गाडी इन्जिनियरिङ पाठ्यक्रम स्नातक

कलेजमा छँदा साँच्चैको गाडी प्रतियोगितामा भाग लिने “NISSAN मेकानिक चुनौती” को विज्ञापन विभागमा काम गर्दागर्दै यसलाई नै मेरो पेसा बनाउने चाहना आयो। अहिले ओप्पामा परीक्षण केन्द्रभित्रको GRANDRIVE मा गाडी चढिहेर्ने इभेन्टको परियोजना / सञ्चालन गर्ने र प्राथमिक स्कुलमा “NISSAN रोमाञ्चकारी इकोलोजी स्कुल” भन्ने भ्रमण कक्षाको सञ्चालन स्टाफ पनि गरेको छु। यो चाहिँ गाडीको मनोहर र वातावरणीय समस्या आदिबारे बुझाउन सक्ने ठाउँ भएकोले एकदम अर्थपूर्ण काम हो। कलेजमा हुँदा गाडीको मर्मत-सम्भार बाहेक पनि विभिन्न अनुभव गरेकोले नयाँ लक्ष्य राख्न सकेँ। यो NISSAN भन्ने गाडी निर्माताबाट सञ्चालित कलेज भएकोले गर्दा नै सम्भव भएको हो भनेर म कृतज्ञ छु।




### गाडी सम्बन्धी ज्ञान र क्लाइमिङको आकर्षण मिश्रित गरेको नयाँ ठूलो काम गर्ने लक्ष्य राख्दै दिनदिनै मेहनत गर्दैछु।

पेसेवर स्पोर्टस क्लाइमर वाताबे केइता प्रथम श्रेणीको गाडी इन्जिनियरिङ पाठ्यक्रम स्नातक

पेसेवर स्पोर्टस क्लाइमरको रूपमा देश-विदेशमा हुने प्रतियोगितामा भाग लिने र क्लाइमिङ फैलाउने काम गर्दैछु। 18 वर्षको हुँदा मेरो लागि नयाँ क्षेत्र भएको गाडीबारे सिकेको कुराले प्राथमिक स्कुलको बेलादेखि सुरु गरेको क्लाइमिङको आधार पुनरावलोकन गर्ने मौका दियो र त्यसपछिको मेरो जीवनमा असर गर्यो। क्लाइमिङको लागि आफ्नो भएभरको शक्ति प्रयोग गर्नु र त्यसको लागि कत्ति प्रयास गर्न सकिन्छ भन्ने कुरा महत्त्वपूर्ण छ। अनि त्यो मनोवृत्तिले सँगी खेलाडीहरूको आदर गर्न उत्प्रेरित गर्छ। भविष्यको एउटा लक्ष्य चाहिँ क्लाइमिङ जिममा EV गाडीको लागि चार्जर जडान गर्ने आदि गरेर क्लाइमिङ र गाडी क्षेत्रको सहयोगमा भाग लिनु हो। गाडी सम्बन्धी ज्ञानको सदुपयोग गर्दै क्लाइमिङको आकर्षण र मूल्य बुझाउन चाहन्छु।

## स्मार्ट फोनले स्क्यान गर्दा के हुनेछ !?
## मौलिक AR हेरौँ !




**AR हेर्नका लागि 3 वटा कदमहरू**

कदम 1

### नि:शुल्क एप “AReader” डाउनलोड गर्ने

“App Store” वा “Google Play store” बाट “AReader” एप डाउनलोड गर्नुहोस्।

AReader | खोज्ने

कदम 2

### “AReader” सुरु गर्ने

डाउनलोड गरेको “AReader” को चिन्ह थिचेर एप सुरु गर्नुभयो भने क्यामेरा स्क्रीन देखा पर्नेछ।

कदम 3

### AR लोड गर्ने

बायाँपट्टि बीचको मार्करलाई क्यामेराले खिच्नुभयो भने AR सामग्री हेर्न सक्नुहुन्छ।

[ध्यान दिनुपर्ने कुराहरू] ●AR सामग्रीलाई क्यामेरा भएको स्मार्ट फोन वा ट्याब्लेटमा मात्र हेर्न सकिन्छ। तपाईंले प्रयोग गर्नुभएको स्मार्ट फोन वा ट्याब्लेटको किसिम र सेटिङ्ग अनुसार प्रयोग गर्न नसक्ने अवस्था हुन सक्छ भन्ने कुरा स्वीकार्नुहोस्। ●“AReader” एप नि:शुल्क प्रयोग गर्न सकिन्छ तर एप डाउनलोड गर्न र AR सामग्री हेर्न चाहिँ सञ्चार शुल्क लाग्नेछ। यदि डाटा प्याक किन्नुभएको छैन भने धेरै पैसा लाग्ने सम्भावना हुने कुरामा होसियार हुनुहोस्। ●सञ्चार अवस्था अनुसार डाउनलोड गर्न लामो समय लाग्न सक्छ वा AR सामग्री हेर्न नसक्ने अवस्था पनि हुन सक्छ। राम्रो सञ्चार अवस्था भएको ठाउँमा प्रयोग गर्नुहोला। ●AReader मार्करलाई इन्टरनेट जस्ता ठाउँमा सार्वजनिक नगर्न अनुरोध गर्दछौँ। ●“Google Play” तथा Google Play चिन्ह चाहिँ Google LCC को दर्ता गरिएको ट्रेडमार्क हुन्। ●“APP Store” चाहिँ अमेरिका तथा अन्य देश र इलाकामा दर्ता गरिएको Apple Inc. को सर्भिस मार्क हो। ●मार्करलाई राम्रोसँग स्क्यान गर्न सकेजति सम्म ठाउँमा राखेर स्क्यान गर्नुहोस्। ●मार्करको कुनै भाग छेकिएमा वा बाङ्गो भएमा राम्रोसँग स्क्यान गर्न नमिल्न सक्छ। ●मार्करलाई स्क्यान गर्ने स्थिति (अँध्यारो, सिधै घाम लाग्ने ठाउँ, चर्को ज्योति मार्करमा लाग्ने जस्ता ठाउँ) अनुसार स्क्यानको सहीपन एकदमै घट्न सक्छ।

**NISSAN AUTOMOBILE TECHNICAL COLLEGE TOCHIGI**
0088-21-1523

**NISSAN AUTOMOBILE TECHNICAL COLLEGE AICHI**
0120-5-81623

**NISSAN AUTOMOBILE TECHNICAL COLLEGE EHIME**
089-925-0103

**NISSAN AUTOMOBILE TECHNICAL COLLEGE YOKOHAMA**
0120-230-814

**NISSAN AUTOMOBILE TECHNICAL COLLEGE KYOTO**
0120-55-3723

कलेजको परिचय पर्ची जस्ता सामग्री मगाउनका लागि यहाँबाट हेर्नुहोस्

NISSAN गाडीको प्राविधिक कलेजको आधिकारिक वेबसाइट

# NISSAN AUTOMOBILE TECHNICAL COLLEGE




NISSAN

## NISSAN गाडीको प्राविधिक कलेजको परिचय

# 1

गाडी निर्माताको कलेज भएकोले प्राप्त हुने उपकरण र वातावरणमा

## गाडीको अत्याधुनिक पेसेवर प्राविधिक बनौं !



फराकिलो अभ्यास स्थान, अभ्यास गर्न सक्ने विभिन्न प्रकारका मर्मत अभ्यास गाडीहरू र गाडीको इन्जिनियर हुनका लागि विभिन्न पाठ्यक्रम उपलब्ध छन्। NISSAN आफैँले आविस्कार गरेको पाठ्य सामग्री वा काम गर्ने ठाउँमा वास्तवमा प्रयोग गरिएको मर्मत साधन चलाएर गरिने कक्षा र अत्याधुनिक “विद्युतीय गाडी(EV)” प्रयोग गरेर गरिने अभ्यास जस्ता प्रबन्धद्वारा विद्युतीकरण / बुद्धिकरण जस्ता गाडी सम्बन्धी अत्याधुनिक कुराहरू सिक्न सकिन्छ।

ADVANCED TECHNOLOGY

# 2

एक-एक जनाको सपनासँग मिल्ने छनौट गर्न सकिने

## NISSAN गाडीको प्राविधिक कलेज देशभरिमा 5 वटा छन्!

UNIQUE SELLING PROPOSITION

NISSAN गाडीको प्राविधिक कलेजमा उपलब्ध पाठ्यक्रमको सूची

- ■ प्रथम श्रेणीको गाडी इन्जिनियरिङ पाठ्यक्रम (4 वर्ष)
- ● गाडी मर्मत-सम्भार पाठ्यक्रम (2 वर्ष)
- ★ मोटर स्पोर्टस पाठ्यक्रम (3 वर्ष : ●+1 वर्ष) (5 वर्ष : ■+1 वर्ष)
- ■ गाडी मर्मत-सम्भार / गाडीको बडी मास्टर पाठ्यक्रम (3 वर्ष : ●+1 वर्ष)
- ● गाडी मर्मत-सम्भार / मास्टर मेकानिक पाठ्यक्रम (3 वर्ष : ●+1 वर्ष)
- ▲ गाडी मर्मत-सम्भार / टोटल मास्टर पाठ्यक्रम (4 वर्ष : ●+■(1 वर्ष)+●(1 वर्ष))
- ★ गाडी मर्मत-सम्भार / बडी मर्मत-सम्भार पाठ्यक्रम (3 वर्ष : ●+1 वर्ष)
- ⬢ गाडी मर्मत-सम्भार / अनुकूलन पाठ्यक्रम (4 वर्ष : ●+ ★(1 वर्ष)+1 वर्ष)
- ◆ अन्तर्राष्ट्रिय गाडी मर्मत-सम्भार पाठ्यक्रम (योकोहामा : 1 वर्ष, तोचिगी/एहिमे : 3 वर्ष : ●+2 वर्ष)
- ◉ अन्तर्राष्ट्रिय अटो मेकानिक पाठ्यक्रम ( 3 वर्ष: ●+2 वर्ष)



### NISSAN AUTOMOBILE TECHNICAL COLLEGE TOCHIGI

गाडीसँग जिउने। NISSAN DNA ले प्रभाव पारिरहेको पढ्ने र जीवन बिताउने सर्वोच्च वातावरण

NISSAN कम्पनीको मुख्य उद्योग सँगैको छेउमा अवस्थित भएको उत्तर कान्तोमा सबैभन्दा फराकिलो खालको अभ्यास स्थान भएकोले बिदाको दिनमा पनि गाडीमा केन्द्रित जीवन बिताउन सकिन्छ।

तोचिगी क्याम्पसमा उपलब्ध पाठ्यक्रम

■ ● ◆



### NISSAN AUTOMOBILE TECHNICAL COLLEGE YOKOHAMA

"प्रविधिको NISSAN" को अत्याधुनिक प्रविधि सिक्न सकिने NISSAN द्वारा सञ्चालित कलेज

NISSAN द्वारा सञ्चालित कलेज भएकोले फराकिलो र सुविधाजनक अभ्यास स्थान, अत्याधुनिक प्रविधि प्रयोग गरिएका विभिन्न मर्मत अभ्यास गाडी, NISSAN को उपकरण प्रयोग गरेर हुने कक्षा जस्ता सुविधाजनक वातावरणमा सिक्न सकिन्छ।

योकोहामा क्याम्पसमा उपलब्ध पाठ्यक्रम

■ ● ★ ◆



### NISSAN AUTOMOBILE TECHNICAL COLLEGE AICHI

विभिन्न पाठ्यक्रम सञ्चालन गरेर गाडीको इन्जिनियर बनाउने बहुमुखी क्याम्पस

विभिन्न गाडीको इन्जिनियर बनाउने पाठ्यक्रम तयार गरिएको छ। भविष्यमा गाडी सम्बन्धी विशेषज्ञ भएर विभिन्न किसिमका कामहरूमा सक्रिय भूमिका खेल्न सक्ने पढाइको वातावरण छ।

आइची क्याम्पसमा उपलब्ध पाठ्यक्रम

■ ● ■ ● ▲



### NISSAN AUTOMOBILE TECHNICAL COLLEGE KYOTO

जापानमा सबैभन्दा ठूलो किसिमको अभ्यास उपकरण भएको र पेसेवर मेकानिक बनाउने बहुमुखी क्याम्पस

जापानमा सबैभन्दा फराकिलो किसिमको अभ्यास स्थान, विभिन्न प्रकारका मर्मत अभ्यास गाडीका साथै गाडीको बडी मर्मत तथा अनुकूलन गर्ने सीप सिक्न सकिने वातावरण पनि मिलाइएको छ।

क्योटो क्याम्पसमा उपलब्ध पाठ्यक्रम

■ ● ★ ⬢ ◉



### NISSAN AUTOMOBILE TECHNICAL COLLEGE EHIME

अत्याधुनिक उपकरण र अभ्यास वातावरणमा गाडीबारे सिक्न सकिन्छ

गाडी इन्जिनियरको लागि नभई नहुने अत्याधुनिक उपकरण / क्षमता भएको अभ्यास स्थान। विद्यालय भवन र अभ्यास भवन दुवै सुविधाजनक भएकोले अत्याधुनिक सीप सिक्न सकिन्छ।

एहिमे क्याम्पसमा उपलब्ध पाठ्यक्रम

■ ● ◆

# 3

प्रतियोगितामा भाग लिने र हाचिजोजिमामा गरिने गाडीको नि:शुल्क जाँच प्रोजेक्ट

## वास्तविक अनुभवले तपाईंको व्यक्तित्व र क्षमतालाई तिखार्नेछ !

JOIN THE RACE SUPER GT

विद्यार्थीहरू साँच्चैको प्रतियोगिता भाग लिएर “चुनौती पार गर्नु / टीमवर्क / स्वागत गर्नुको महत्त्व” सिक्न सकिन्छ। साथै, गाडीको नि:शुल्क जाँच प्रोजेक्ट “Dr.K प्रोजेक्ट” मा विद्यार्थीहरूले नुने क्षति र धेरै भिरालो भएको टापुको गाह्रो परिस्थितिमा चढाइने गाडीहरूलाई नि:शुल्क जाँच गर्छन्। गाडी दुनियाँको सुरक्षामा टेवा पुर्याउँछ।





प्रतियोगितामा भाग लिने





Dr.K प्रोजेक्ट

# 4

अरू कलेजलाई पराजित गराउने गरी सरकारी लाइसेन्स जाँचको पास दर हासिल गरेको अनि

## सरकारी लाइसेन्स प्राप्त गर्न पूर्ण रूपमा सहयोग गरिन्छ !

QUALIFICATIONS

सन् 2023 सालको 5 वटा NISSAN गाडीको प्राविधिक कलेजको नतिजा

| | |
|---|---|
| सरकारी प्रथम श्रेणीको गाडी प्राविधिक | जाँचको पास दर 95.0%* |
| सरकारी दोस्रो श्रेणीको गाडी प्राविधिक | जाँचको पास दर 99.2% |

*लिखित जाँच मात्र

सरकारी लाइसेन्स जाँचको पास दर देशभरिका कलेजमध्ये उत्कृष्ट वर्गको रहेको छ ! देशभरिको विभिन्न ठाउँमा भएका 5 वटा NISSAN कलेजले मिलेर “सरकारी लाइसेन्स जाँच पास गराउने Tuition टोली” स्थापना गराएको छ। बुझ्न सजिलो कक्षा र एक-एक जनाको आवश्यकता अनुसार राम्रोसँग मदत गर्ने भएकोले ढुक्क भएर सरकारी लाइसेन्स प्राप्त गर्न प्रयास गर्न सक्नुहुन्छ। साथै, कलेजमा पढ्दापढ्दै NISSAN लाइसेन्स हासिल गर्न पनि सकिने भएकोले जागिर खाएपछिको करियर बढाउनको लागि फाइदाजनक छ।



# 5

गाडी सम्बन्धी जागिर खान पाएको !

## 100 प्रतिशत विद्यार्थीले जागिर खान पाएको !

FIND WORK

NISSAN कम्पनीसित सम्बन्धित कम्पनी वा गाडी सम्बन्धी ठूलाठूला कम्पनी जस्ता उच्च दर्जाको ब्रान्डेड कम्पनीमा जागिर खान कक्षा शिक्षक, जागिर खानको लागि डोर्याउने स्टाफ र कलेजको मुख्य विभागले आपसी मिलेर सहयोग गर्छन्। देशभरिका NISSAN बिक्री केन्द्रमा इन्टर्नशिप गर्न सकिन्छ र लक्ष्य अनुसारको कामको अनुभव गर्न सकिन्छ।



/ nissanamtc

https://www.youtube.com/@nissanamtc

NISSAN गाडीको प्राविधिक कलेजको आधिकारिक च्यानल

SNS मा पनि सबैभन्दा ताजा जानकारी पठाउँदै छौं !